संघीय संसद्

# राष्ट्रिय सभा

**पाँचौं अधिवेशन**

**बैठक - १४**

## सूचना पत्र - २

**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७६ माघ २३ गते बिहीबार**

संघीय संसद्, राष्ट्रिय सभाको पाँचौं अधिवेशनको **चौधौं** बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १:०० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले **शून्य समय**मा बोल्नका लागि निम्न बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

**मा. दीपा गुरूङ**ले २०७५ फाल्गुण १० गते ललितपुर जिल्लामा दुर्घटनामा परी निधन भएका लमजुङका सीम प्रसाद गुरूङको परिवारलाई सरकारले उचित राहत र क्षतिपूर्ति दिनुपर्ने माग गर्नुभयो ।

**मा. नन्दा चपाई**ले वर्तमान सरकारको योजना अनुसार कृषकहरूलाई नेपालमा नै तरकारीजन्य वस्तुहरूको उत्पादन गर्ने व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो ।

**मा. नैनकला ओझा**ले कोटेश्वरको ट्राफिक जाम सम्बन्धमा वैकल्पिक व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो ।

**मा. प्रकाश पन्थ**ले भारतीय सेनामा कार्यरत नेपालीको मृत्यु भएको खण्डमा नेपालमा ल्याई अन्तिम संस्कार गर्ने व्यवस्था मिलाउनुपर्ने माग गर्नुभयो ।

**मा. बलरामप्रसाद बाँस्कोटा**ले ललिता निवासमा भएको भ्रष्टाचार काण्डमा संलग्नलाई भय रहित वातावरणमा छानविन गरी कारवाही गर्नुपर्ने माग गर्नुभयो ।

**मा. मुक्ता कुमारी यादव**ले धनुषा जिल्लामा रहेका बाढी पीडितलाई राहत र क्षतिपूर्ति दिनुपर्ने माग गर्नुभयो ।

**मा. युटोल तामाङ**ले भ्रष्टाचार नियन्त्रणका लागि प्रधानमन्त्रीले गरेको प्रयास सफल भएको बताउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनु हुँदै **विशेष समय**मा बोल्नका लागि दलीय आधारमा देहाय बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

**मा. काली बहादुर मल्ल**ले शिवरात्रिको समयमा नाङ्गा बाबाहरू आउने वातावरण सिर्जना हुनुले लोकतान्त्रिक गणतान्त्रिक मुलुक नेपाललाई चुनौती सिर्जना गरेको, महादेवको नाममा गाँजा खाने प्रवृत्ति नियन्त्रणका लागि सरकार तयार हुनुपर्ने, छाउपडी प्रथा नियन्त्रणका लागि जनचेतना फैलाउनुपर्नेमा जोड दिनुभयो ।

**मा. बद्री प्रसाद पाण्डे**ले ललिता निवास प्रकरणमा मुछिएका व्यक्तिहरूलाई हालिएको मुद्दा विभेदपूर्ण रहेको, प्रधानमन्त्रीय शासन व्यवस्था रहेको नेपालमा भ्रष्टाचारको मुद्दामा प्रधानमन्त्री सदाचार हुने र मन्त्री दोषी हुने अन्यायपूर्ण भएको, अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सत्तापक्षलाई उन्मुक्ति दिने र विपक्षीलाई फसाउने नीति अनुरूप नेपाली कांग्रेसका उपनेता गच्छादारलाई भ्रष्टाचार मुद्दा हालिएको आरोप लगाउनुभयो ।

**मा. जीवन बुढा**ले ट्रिपर आतङ्क नियन्त्रणका लागि तत्काल छानविन र खोज तथा अनुसन्धान गर्नुपर्ने माग गर्नुभयो ।

**मा. रामपृत पासवान**ले छाउपडी, दाइजो जस्ता विषयमा सदनमा आवाज उठे तापनि जातीय विभेदका सम्बन्धमा सदनमा कुरा नउठ्नु र राज्यले समेत ध्यान नदिनु दुःखद भएको, दलित र विपन्न एवं सीमान्तकृत समुदायलाई शिक्षा र स्वास्थ्यमा उचित स्थान दिनुपर्ने बताउनुभयो ।

**मा. उदया शर्मा पौडेल**ले चीनको वुहान शहरमा रहेका नेपाली विद्यार्थी र व्यापारीलाई तत्काल उद्धार गरी नेपालमा उपचारको व्यवस्था गर्नुपर्ने र स्वदेशमा कोरोना भाइरस नियन्त्रणका लागि जनचेतना फैलाउनुपर्नेमा जोड दिनुभयो ।

**मा. विन्दा देवी आले (राना)** ले चीनको वुहान शहरबाट नेपाल फर्कन चाहने नेपालीलाई उचित व्यवस्था सहित फिर्ता गर्नुपर्ने, विदेशमा मृत्युवरण गरेका कामदारको शव नेपाल ल्याउने उचित प्रबन्ध मिलाई घरसम्म पुऱ्याउने वातावरण मिलाउनुपर्नेमा जोड दिनुभयो ।

**मा. शेर बहादुर कुँवर**ले अछाम जिल्लाको पञ्चदेवल विनायक नगरपालिका-२ का वडाध्यक्षको रहस्यमय मृत्यु भएकोले उक्त मृत्यु सम्बन्धमा सत्यतथ्य छानविन गर्नुपर्ने, पश्चिम सेती जलविद्युत् आयोजनाको लागि आगामी बजेटमा उचित रकम छुट्याउनुपर्ने माग गर्नुभयो ।

**मा. रामलखन चमार**ले रुपन्देही जिल्ला मायादेवी गाउँपालिका-६ मा चलेको महायज्ञमा दलित समुदायका महिलाहरूमाथि विभेद गरिएकोमा दोषी उपर कारवाहीको माग गर्नुहुँदै संवैधानिक निकायको रूपमा रहेको राष्ट्रिय दलित आयोगले तत्काल पूर्णता पाउनुपर्ने माग गर्नुभयो ।

**मा. रामनारायण विडारी**ले ललिता निवास प्रकरण, सुन काण्ड, प्रहरीका उच्च पदाधिकारीको भ्रष्टाचार काण्ड सम्बन्धमा सरकारले उल्लेखनीय भूमिका खेलेको बताउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनु हुँदै कार्यसूचीको क्रममा हेरफेर भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुल प्रसाद बाँस्कोटालाई विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहितको "नेपाल मिडिया काउन्सिल विधेयक, २०७५ माथि छलफल गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुहुँदै उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहितको "नेपाल मिडिया काउन्सिल विधेयक, २०७५" माथि छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदै छलफलमा समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरू तथा आनुषंगिक अन्य दफाहरूमा मात्र छलफल गर्न सकिने व्यहोरा जानकारी गराउनु हुँदै छलफलमा भाग लिन चाहने निम्न बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो:

| | | |
|---|---|---|
| १. मा. खिमलाल भट्टराई | २. मा. कोमल ओली | ३. मा. राधेश्याम अधिकारी |
| ४. मा. रामपृत पासवान | ५. मा. वृषेश चन्द्र लाल | ६. मा. ठगेन्द्र प्रकाश पुरी |
| ७. मा. प्रकाश पन्थ | ८. मा. विमला राई पौडयाल | |

तत्पश्चात् सम्माननीय अध्यक्षले माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुल प्रसाद बाँस्कोटालाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिनुहुँदै "नेपाल मिडिया काउन्सिल विधेयक, २०७५ माथि छलफल गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो।

तत्पश्चात् सम्माननीय अध्यक्षले "नेपाल मिडिया काउन्सिल विधेयक, २०७५" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनमा उल्लिखित संशोधनहरु मध्ये प्रतिवेदनको क्रम संख्या ५ को खण्ड (ज) मा रहेको **पत्रकारको रुपमा काम गर्न चाहनेहरुका लागि परीक्षा सम्बन्धी कार्य गर्ने व्यवस्था** र क्रम संख्या १५ मा रहेको **पत्रकारको लाइसेन्स सम्बन्धी परीक्षा, दर्ता तथा अभिलेख सम्बन्धी व्यवस्था हटाउन** माननीय सदस्यहरुले राखु भएको प्रस्तावमा विधेयक प्रस्तुतकर्ता माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुल प्रसाद बाँस्कोटाले सहमति जनाउनु भएकोले "नेपाल मिडिया काउन्सिल विधेयक, २०७५ सम्बन्धी  विधायन व्यवस्थापन समितिको प्रतिवेदन" को क्रम संख्या ५ को खण्ड (ज) र क्रम संख्या १५ हटाई हुन आउने क्रम संख्या कायम गरी प्रतिवेदनका दफा १ देखि २२ मा उल्लिखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले "नेपाल मिडिया काउन्सिल विधेयक, २०७५ सम्बन्धी विधायन व्यवस्थापन समितिको प्रतिवेदन" को क्रम संख्या ५ को खण्ड (ज) र क्रम संख्या १५ हटाई हुन आउने क्रम संख्या कायम गरी प्रतिवेदनका दफा १ देखि २२ मा उल्लिखित संशोधनहरुलाई "नेपाल मिडिया काउन्सिल विधेयक, २०७५ को अंग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले विधेयकको दफा २ देखि ३२ सम्मका दफालाई “नेपाल मिडिया काउन्सिल विधेयक, २०७५ को अंग बनोस्” भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनुभयो :

“<u>प्रस्तावना:</u> स्वस्थ, स्वतन्त्र, मर्यादित र उत्तरदायी पत्रकारिताको विकास तथा सम्वद्र्धन गर्दै पत्रकारितामा पेशागत आचरण कायम राख्नका लागि मिडिया काउन्सिलको स्थापना गर्न प्रचलित कानूनलाई संशोधन र एकिकरण गर्न वाञ्छनीय भएकोले संघीय संसदले यो ऐन बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस ऐनको नाम “नेपाल मिडिया काउन्सिल ऐन, २०७६” रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकतीसौं दिनदेखि प्रारम्भ हुनेछ ।”

तत्पश्चात् सम्माननीय अध्यक्षले विधेयकको प्रस्तावना र नाम “नेपाल मिडिया काउन्सिल विधेयक, २०७६ को अंग बनोस्” भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुल प्रसाद बाँस्कोटालाई “नेपाल मिडिया काउन्सिल विधेयक, २०७६ लाई पारित गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुहुँदै उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरीराजमणि पोखरेललाई “योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले “योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्ताव माथिको छलफल प्रारम्भ भएको र उक्त छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा जानकारी गराउनु हुँदै छलफलमा भाग लिन चाहने देहाय बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो:

| | | |
|---|---|---|
| १. मा. राधेश्याम अधिकारी | २. मा. ठगेन्द्र प्रकाश पुरी | ३. मा. डा. विमला राई पौड्याल |
| ४. मा. रामपृत पासवान | ५. मा. रामनारायण विडारी | ६. मा. प्रकाश पन्थ |
| ७. मा. बद्री प्रसाद पाण्डे | ८. मा. जीवन बुढा | |

तत्पश्चात् सम्माननीय अध्यक्षले माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरीराजमणि पोखरेललाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिनुहुँदै “योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

लगत्तै सम्माननीय अध्यक्षले “योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले “योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक, २०७६” माथि संशोधन प्रस्ताव राख्न चाहनु हुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली (पहिलो संशोधन), २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखा, सिंहदरबारमा संशोधन प्रस्ताव दर्ता गर्न सक्ने व्यहोरा जानकारी गराउनुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक २०७६ साल माघ २७ गते सोमबार दिनको २:०० बजे बस्ने गरी अपरान्ह ४:०० बजे बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(गोपालनाथ योगी)

संघीय संसदको निमित्त महासचिव